नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.:- 82

मितिः-२०८२/०५/१८

नेपाल संवत् ११४५

विषयः- निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै)।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको प.सं. २०८२/०८३, च.नं. ३७७, मिति २०८२/०५/१६ को निर्णय कार्यान्वयन सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

..................

(प्रकाश पन्थी)

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, बबरमहल, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

सिंहदरबार, काठमाडौं फोन नंः- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग
बबरमहल, काठमाडौं

फोन नं. : ५३४७९१२
५३४३९३९
५३४९६०३

पत्र संख्या: २०८२/०८३
च.नं. 366

मितिः २०८२/०५/१६
नेपाल संवत् ११४५

श्री स्थानीय तह (सबै),
मार्फतः श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार काठमाडौं ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन
दर्ता नं.:- 896
दर्ता मितिः- ५/१६

विषय : निर्णय कार्यान्वयन सम्बन्धमा।

प्रस्तुत विषयमा उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २२ बमोजिम गठित उपभोक्ता संरक्षण परिषद्का अध्यक्ष उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री माननीय श्री दामोदर भण्डारीज्यूको अध्यक्षतामा मिति २०८२।०५।११ गते बसेको पाँचौ बैठकबाट भएको तहाँसंग सम्बन्धित देहायको निर्णय कार्यान्वयनका लागि लेखी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

निर्णयः

१. *"निर्णय ४ख. स्थानीय तहमा दर्ता भएका र स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने वस्तु र सेवाको नियमन व्यवस्थालाई प्रभावकारी बनाउन उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २८ बमोजिम गठित स्थानीय बजार अनुगमन समितिहरुलाई लेखी पठाउने।*

२. *निर्णय ४ग. संस्थागत विद्यालय र शैक्षिक परामर्श केन्द्रहरुको अनुगमनका क्रममा देखिएका कैफियतहरुको सुधारका लागि देहाय बमोजिम गर्ने।*

*स्थानीय तहको क्षेत्राधिकारको विषयमा प्रचलित कानूनको कार्यान्वयन तथा प्रभावकारी अनुगमनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहहरुमा लेखी पठाउने।*

३. *निर्णय ५. वस्तु तथा सेवाको खरिद गर्दा बील बिजक लिने दिने विषयलाई व्यवस्थितरुपमा कार्यान्वयन गर्न गराउन तथा बजारमा हुने अनुचित व्यापारिक क्रियाकलाप नियन्त्रण गर्न उपभोक्ताको सचेतना अभिवृद्धि गर्न आवश्यक रहेकोले स्थानीय सरोकारवालाहरुसँग समन्वय गरी उपभोक्ता शिक्षा तथा सचेतना कार्यक्रम अभियानको रुपमा सञ्चालन गर्ने ।"*

..................
(रोशन ज्ञवाली)
महानिर्देशक